AjakoAwaj.Com आजकोआवाज.कम
USNepalOnline.Com
GlobalNepalOnline.Com

# संविधान सभाको निर्वाचनमा आदिवासी जनजातिको भोट कस्लाई?

# पार्टी र नीति हेरेर भोट दिने कि व्यक्ति वा जाति र लिंग हेरेर?

Dr. Krishna B. Bhattachan, Ph.D.

**- डा. कृष्ण भट्टचन**

**बिषय प्रवेश**

लैनचौर स्थित भारतीय राजदूतावासमा भारतीय राजदूत शिब शंकर मुखर्जीले नेपाली कांग्रेस र मधेशी आन्दोलनका नेताहरुको बीच बैठक गराए पछि प्रधानमन्त्रि र मधेशी आन्दोलनका विच सहमती भई आन्दोलनका कार्यक्रमहरु फिर्ता भएर मधेशी आन्दोलनकारीहरु निर्वाचनमा होमीए पछि अव भने घोषित तिथी चैत २८ गते निर्वाचन हुने सुनिश्चितता बढेको छ । संघात्मक लोकतान्त्रिक मञ्चहरु र आदिवासी जनजाति आन्दोलनकारीहरु पनि निर्वाचनमा होमीए पछि सुनिश्चतता झन बढ्यो । नेपालको आन्तरिक समस्या भारतीय पक्षको मध्यस्थतामा गरिएको सम्बन्धमा भने भारतको हस्तक्षेपको विरोधहरु पनि भइरहेका छन् र हुनु पर्दछ । प्रथम हुने निर्वाचित हुने र समानुपातिक निर्वाचनको बन्द सुचीको टुंगो लागिसकेकोले दल र उम्मेदवारहरु प्रचार प्रसारमा लाग्न थालेका छन् । निर्वाचन हुन अव पांच हप्ता जती मात्र बांकी छ । आदिवासी जनजातिहरुलाई यो संविधान सभाको निर्वाचन तातो आलु निल्नु न ओकल्नु भएको छ अर्थात खाउं भने २३९ वर्षको बाहुनवादी, पितृसत्तावादी, पहाडीया एकाधिकारवादीको सिकार नखाउं भने आप्नो मूलथलो, जमीन, जंगल, पानी, खानी, चरण लगायतका प्राकृतिक स्रोतहरु माथिको अधिकार गुमाएका कान्छा बा र कान्छी आमाको अनुहार भएको छ । संविधान सभाको निर्वाचन पद्धती आदिवासी जनजाति आन्दोलनले चाहे जस्तो हुन नसकेकोले यसले बनाउने संविधान आदिवासी जनजातिले चाहे जस्तो आउने सम्भावना कम छ ता पनि पर्ख र हेर को निती अनुसार यही संविधान सभाले केहि चमत्कार गरी पो हाल्छ की भन्ने झीनो आशा भने वांकी राख्न बाध्य छौं । चुनावी माहौल बनीरहेको सन्दर्भमा आदिवासी जनजाति मतदाताहरुमा अव कसलाई मत खसाल्ने भन्ने चिन्ता पलाउन थालेको छ । सो साताको साप्ताहिक झटारो आदिवासी जनजाति मतदाताहरुले के हेरेर भोट दिने भन्ने विषयमा केन्द्रित छ ।

**भोट खसाल्न के हेर्ने?**

**विकल्प १:**

पहिलो महत्वपूर्ण पक्ष भनेको बहुदलीय व्यवस्थामा दलहरुकै भूमिका महत्वपूर्ण हुने हुनाले कुन दललाई भोट खसाल्ने भन्ने कुरा नै सर्वाधिक महत्व को हो । दलहरुलाई दृष्टिगत गर्दा अहिलेसम्म सात राजनैतिक दलहरुले सात राजनैतिक दलहरु मिलेर जान पर्ने, सहकार्य गर्न पर्ने जस्ता कुरा व्यक्त भएबाट यदी यस्तै हुने हो अर्थात संविधान सभा पछि पनि संविधान सभा अघि जस्तै सबै निर्णयहरु सात दलको सहमतीमा गर्ने हो भने यी सात दलहरु जस्ले जती जिते पनि खासै फरक पर्दैन । यस्को अर्थ आदिवासी जनजातिहरुले यि सात दल मध्ये जस्लाई मन पर्छ त्यसैलाई भोट दिए भयो ।

सात दलको सहमतीबाट धर्मनिरपेक्ष राज्य घोषणा भयो तर कार्यान्वयन फितलो भयो, समाबेशी, सामानुपातिकको कुरा उठ्यो तर व्यवहारमा प्रयोग गरिएन, संघात्मक राज्यलाई स्वीकार गरीयो तर यस्को आधार जाती, भाषा र क्षेत्र हुने भन्ने कुरालाई हल्का रुपमा लिइयो तर संवैधानिक सुनिश्चितता गरिएन । थोरै गर्छु भन्ने तर त्यहि पनि नगर्ने प्रबृति देखिएकोले त्यहि प्रबृत्ति संविधानसभाले गर्ने निर्णय र कार्यान्वयनहरुमा दोहोरीने सम्भावना कायमै छ । यस्तो भएको खण्डमा आदिवासी जनजातिहरुलाई केहि नाम मात्रका उपलब्धि हुने देखिन्छ तर यसरी जातीय, भाषिक र क्षेत्रगत स्वायत्तता कुनै पनि हालतमा आउने देखिदैन । त्यसैले यो विकल्प रोज्नुको राजनैतिक औचित्य छैन ।

**बिकल्प २:**

सात दलीय सहमती भनेको संविधान सभाका निर्वाचन देखि पहिलो बैठकबाट गणतन्त्रको कार्यान्वयन गर्दासम्म हो, त्यस पछि दलहरु आआफना बाटा लाग्न पर्छ, लाग्ने छन्, भन्ने हो । आफ्नो बाटो लाग्दा प्रत्येक दलहरुको आआफ्नै खाका हुन्छ । एउटा दलले यस्तो गर्ने भन्छ अर्को दलले त्यस्तो गर्न हुंदैन यस्तो गर्न पर्छ भन्दछ । मतदातालाई कस्को प्रतिबद्धता मन पर्छ र विश्वास हुन्छ त्यहि दललाई भोट दिने हो । आदिवासी जनजाति मतदाताहरुले आत्मनिर्णयको अधिकार सहित जातीय, भाषिक र क्षेत्रगत स्वायत्तता सुनिश्चित गर्ने राजनैतिक दललाई नै सर्वाधीक भोट दिएर जिताउन पर्ने हुन्छ । यस्को लागि पार्टीको निती हेर्नुपर्ने हुन्छ ।

नेपाली कांग्रेसको निती जातीय स्वायत्तताको विरोधी छ । कांग्रेसका नेताहरुले जातीय स्वायत्तताले नेपालको विखण्डन हुन्छ, साम्प्रदायिक सद्भाव विथोलिन्छ भन्ने जस्ता गलत सोचहरु हावी छ । । एमालेले स्वायत्तताको कुरा त गर्छ तर त्यो आदिवासी जनजातिहरुले खोजेको जातीय स्वायत्तता भने होइन । एमालेले आदिवासी जनजाति र मधेशी मतदताहरुलाई स्वायत्तताको ललिपप देखाएर भोट बटुल्ने रणनीति मात्र हो । एमालेले सोचे जस्तो स्वायत्त प्रदेशमा अहिले नेपालमा जसरी बाहुन क्षेत्रीहरु हावी छन् त्यहि स्वायत्त प्रदेशहरुमा पनि दोहोरिने छ । तै पनि आदिवासी जनजातिहरुले नेपाली कांग्रेस र एमाले विच एउटा रोज्नु परेका खण्डमा कांग्रेसलाई भन्दा एमालेलाई राज्नु उपयागितावादको आधारमा बेश देखिन्छ । निर्वाचन परिणाममा कांग्रेस, एमाले आदिले एक्लै वा मिलेर बहुमत ल्याएको खण्डमा जातीय स्वायत्तता सोम शर्माको लड्डु सावीत हुनेछ ।

जातीय स्वायत्तताको आधारमा भन्ने हो आदिवासी जनजातिले खोजेको जातीय स्वायत्तता ने.क.पा. माओवादीले विगतमा घोषणा गरेको ९ र अहिलेको ११ जातीय, भाषिक र क्षेत्रगत आधारको स्वायत्त प्रदेश हो । फरक के मात्र हो भने माओवदीले छुट्याएको स्वायत्त प्रदेशहरु आत्मनिर्णयको अधिकार प्रयोग गरी तय भएको होइन र माओवादीहरुको केन्द्रीय सवाल वर्गीय नै हो जातीय, भाषिक र क्षेत्रगत होइन । भएका राजनैतिक दलहरुमा माओवादीले प्रस्ताव गरेको जातीय, भाषिक र क्षेत्रगत स्वायत्त गण राज्यहरु आदिवासी जनजातिहरुको चाहना र भावनासंग सबैभन्दा नजिक देखिन्छ । त्यसैले सम्पूर्ण आदिवासी जनजातिहरुले ने.क.पा. माओवादीलाई एक लौटी भोट दिएर अत्यधिक मतबाट विजय गराउन सहयोग गर्न सके संविधानसभाले बनाउने नयां संविधानमा जातीय, भाषिक र क्षेत्रगत स्वायत्तता सुनिश्चित हुने पक्का छ । यस्कालागि अर्को आन्दोलन र दवाव गर्न आवश्यक हुने छैन । तर यस्तो गर्न कांग्रेस, एमाले र अन्य पार्टीका आदिवासी जनजातिहरु जो पार्टीको नितीमा कट्टर छन् उनीहरुले आफनै पार्टीलाई भोट खसाले पनि जो जातीय स्वायत्तताको चाहना राख्छन् उनीहरुले पार्टी लाइन तोडेर माओवादीलाई भोट दिन पर्ने हुन्छ । के यस्तो व्यवहारमा सम्भव हुन सक्छ? माओवादीहरुको उपस्थिती सकभर दुइ तिहाइ र नभए पनि बहुमतमा भए मात्र जातीय स्वायत्तता सुनिश्चित हुन सक्दछ । आदिवासी जनजातिहरुले माओवादीलाई एकलौटी भोट नदिए माओवादी बहुमतमा आउन सक्दैन । बहुमतमा नआए माओवादीले आफू प्रतिबद्ध भएको जातीय, भाषिक र क्षेत्रगत स्वायत्तताकालागि संघर्ष गर्दै रहने छ तर संविधानमा यस्को सुनिश्चिता हुने छैन र व्यवहारमा भोग गर्न पाइने छैन ।

जातीय स्वायत्तताकै लागि नयां निर्माण भएको नेवाः राष्ट्रिय पार्टी, तामसालिंग राष्ट्रिय पार्टी, र संघात्मक लोकतान्त्रिक राष्ट्रिय पार्टीहरुलाई यि दलहरुले उम्मेदवारी दिएका निर्वाचन क्षेत्रका आदिवासी जनजासतहरुले अत्यधिक मत खसालरे जिताउन पर्ने हुन्छ । तर दल गठन भए देखि अहिलेसम्म राजनैतिक तरंग नआएको हिसावबाट यि दलहरुले अहिललेलाई केहि राजनैकित अर्थ दिए पनि पहिला हुने निर्वाचित हुनेबाट भन्दा समानुपातिक निर्वाचनबाट केहि सिटहरु ल्याउन सक्छ । यदि यस्तो भयो भने अरुले दिएको सिट भन्दा आफूले जितको सिट बढि शक्तिशाली हुन्छ । आदिवासी जनजाति मतदाताहरुले माओवादी र जातीय स्वायत्तताकै आधारमा आदिवासी जनजातिहरुले नै नेतृत्व गरेका दल र माओवादी विच रोजेर भोट खसाल्न पर्दा माओवादीलाई भन्दा पनि आदिवासी जनजातिहरुले नेर्तत्व गरेको दललाई नै अत्यधिक भोट दिएर जीताउन पर्ने हुन्छ । यसो भयो भने पनि यी जातीय दलहरु संविधानसभामा निर्णायक बहुमतमा नभए पनि जातीय स्वायत्ताका सावललाई जोडदाररुपमा उठाउने र जातीय स्वायत्ताका पक्षधर माओवादी लगायतका पार्टीहरुसंग तालमेल गरेर बहुमतमा पुग्ने सम्भावना रहन्छ ।

**बिकल्प ३:**

समानुपातिकमा माओवादीहरु र आदिवासी जनजातिहरुले नेतृत्व गरेको जातीय स्वायत्तताका लागि संगठित पार्टीलाई मात्र भोट खसाल्ने तर पहिला हुने निर्वाचित हुनेमा भने राजनैतिक दलहरुलाई हेरेर भन्दा पनि उम्मेदवारहरुलाई हेरेर भोट खसाल्ने अर्को विकल्प हुन सक्छ । आत्मनिर्णयको अधिकार सहित जातीय, भाषिक र क्षेत्रगत स्वायत्तताकावारेमा सार्वजनिक

प्रबिद्धता व्यक्त गरेका जुनसुकै दल वा स्वतन्त्र उम्मेदवारलाई भोट दिने । नेपाली कांगेस, एमाले लगायतका दलहरुमा दलको निती जे जस्तो भए पनि केहि उम्मेदवारहरु व्यक्तिगतरुपमा जातीय, भाषिक र क्षेत्रगत सवयत्तताका पक्षधरहरु पनि छन् । पहिले यस्तो प्रतिबद्धता नदेखाएका भए मतदान गर्ने दिन सम्ममा यस्तो गर्ने उम्मेदवारलाई भोट खसाल्ने । यस्तो गर्नेहरु आदिवासी जनजाति र गैर आदिवासी जनजाति छन् भने आदिवासी जनजातिलाई भोट दिने । यस्तो गर्ने गैर आदिवासी जनजाति छ तर नगर्ने आदिवासी जनजाति छ भने गैर आदिवासी जनजातिलाई भोट दिने । यस्तो प्रतिबद्धता गर्ने उम्मेदवारहरु पुरुष र महिलाहरु छन् भने महिलालाई प्राथमिकता दिने । यथार्थमा यहि विकल्प बढि प्रयोमा आउने सम्भावना देखिन्छ । यस्तो भएको खण्डमा संविधान सभामा जातीय, भाषिक र क्षेत्रगत स्वायत्तताका सावलहरु जोडदार रुपमा उठ्ने छन् तर सम्बन्धित दलले यसका विरुद्ध व्हीप जारी गरेको खण्डमा थान्को लाग्ने हुन्छ ।

**बिकल्प ४:**

आफूले भोट खसाल्न पर्ने निर्वाचन क्षेत्रमा जातीय स्वायत्तताका वारेमा प्रतिबद्ध एक जना पनि उम्मेदवार छैन भने या त आफूले भोट नखसाल्ने या त खसाल्नै परेको खण्डमा जुन उम्मेदवारले गणतन्त्रका लागि प्रतिबद्ध छ उसैलाई भए पनि भोट खसाल्ने । यस्तो उम्मेदवार पुरुष र महिला दुवै उस्तै भए महिला उम्मेदवारलाई भोट खसाल्ने ।

**बिकल्प ५:**

आदिवासी जनजातिका सवालहरु प्रति प्रतिबद्ध भए पनि नभए पनि कुनै उम्मेदवार आफ्नो नाता गोता पर्दछ वा ईष्टमीत्र पर्दछ वा आफूलाई पैसा दिएको छ वा जांड रक्सी र मासुभात खान दिएको छ वा आफूलाई फायदा हुने काम गरिदिएको छ भने सो उम्मेदवारलाई भोट खसाल्ने प्रबृत्ति छ । यस्तो प्रबृत्तिलाई त्याग्नु आदिवासी जनजाति लगायत सबैका लागि राम्रो हुन्छ ।

**बिकल्प ६:**

आफूलाई को उम्मेदवार कस्तो हो थाहा छैन वा थाहा भए पनि आफ्नो स्वःविवेकले भन्दा पनि परिवारका वा समाजका ठूला बडाले वा टोलका दादाहरुले जस्लाइ भन्यो उसैलाई भोट दिने गलत प्रबृत्ति पनि छ । यस्तो प्रबृत्तिबाट पनि मुक्त हुन पर्दछ । आफनो स्वःविवेक प्रयोग गरेर भोट खसाल्न राम्रो हुन्छ ।

**बिकल्प ७:**

आफूलाई मनपरेको वा आदिवासी जनजातिका सवालमा संवेदनशील उम्मेदवार नभए भोट खसाल्न नजाने पनि विकल्प हुनसक्छ । तर लोकतन्त्रमा भोट खसाल्न जान आवश्यक हुन्छ । भोट त्यसै खेर जान दिनु भन्दा भएका मन नपरेका उम्मेदवारहरु मध्ये कुन महिला उम्मेदवार

सापेक्षरुपमा ठिकै देखिन्छ उसैलाई खोट खसाल्ने । महिला उम्मेदवार नभए भएका पुरुष उम्मेदवार मध्ये सापेक्षरुपमा ठिकै देखिने उम्मेदवारलाई भोट खसाल्ने ।

**अन्तमा,**

नेपाल आदिवासी जनजाति महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ लगायतका आदिवासी जनजातिका सबै संघ संस्थाहरु र आदिवासी जनजाति आन्दोलकर्मीहरु बसेर दलहरुले उम्मेदवारी दिनु अघि सामुहिक छलफल गरेर आफनो रणनिती तय गर्न सकेन । अव निर्वाचन संघारमा आइसकेको र उम्मेदवारहरु प्रचार प्रसारमा लागिसकेको बेलामा पनि मैले माथि उल्लेख गरेका विकल्पहरु र अन्य छुटेका भए सो समेतका वारेमा सामुहिक छलफल गरेर एउटा प्रभावकारी निर्णय गर्न सके आसन्न संविधान सभाले आदिवासी जनजातिको जातीय स्वायत्ताको सपना पुरा गर्न मदत गर्न सक्छ ।

हामी सुतेर बसेको खण्डमा अर्थात ट्युवलाईट भएको खण्डमा निकट भविष्यमा हामी आदिवासी जनजातिहरुले पछुताउने सिवाय अरु केहि वांकी रहने छैन । निर्णय गर्न ढिला भइसके पनि अझै केहि समय वांकी छ । वांकी समयको सदुपयोग गरौं ।

March 7, Kathmandu

Dr. Krishna B. Bhattachan is a well known sociologist and leader of Indigenous Peoples in Nepal. Read his profile» Comments? Write him at: kchan@wlink.com.np

सुप्रसिद्ध समाजशास्त्री डा कृष्णबहादुर भट्टचन आदिबासी जनजाती आन्दोलनका अगुवा हस्ती हुनुहुन्छ। हरेक साता शुक्रवार वहाँले लेख्नु हुने **साप्ताहिक झटारो** पढ्न नभुल्नु होला।

**डा. भट्टचनका पुराना लेखहरु Archive:**

साप्ताहिक झटारो-१: 'मधेशिको आफ्नै राजनीतिक दल बनाउने आँट, आदिबासि-जनजातिर दलितका लागि पाठ'

साप्ताहिक झटारो-२: के स्वायत्ततको माग विखण्डनकारी र साम्प्रदायीक हो?

साप्ताहिक झटारो-३: सात दलका २३ बुंदे सहमति: माछा-माछा भ्यागुता

साप्ताहिक झटारो-४: जातीय समाधान: नाक, छाला को रङ्ग र क्षेत्र कि बर्गबाट?

साप्ताहिक झटारो-५: संघात्मकता र स्वायततताका गाँठाहरु

साप्ताहिक झटारो-६: सोइ ढोले सोइ, हाम्रो राजनैतिक दल खोइ? सोइ ढोले सोइ, हाम्रो शक्ति खोइ?

साप्ताहिक झटारो-७: सामूहिक हिंसाको राजनीति किन भुसको आगो झैं सल्कदै छ?

साप्ताहिक झटारो-८: नेपालमा किन कसैले कसैलाई विश्वास गर्दैन? विश्वासको संकटको साढे सातको दशाबाट कसरी पार हुने?

साप्ताहिक झटारो-९: संबिधान सभाको निर्वाचन अघि र पछि के के गर्नु पर्ला?

साप्ताहिक झटारो-१०: जल, जमिन, जङ्गल र अन्य प्राकृतिक स्रोतहरुमाथि आदिबासि-जनजातीको अधिकार के?

साप्ताहिक झटारो-११: समानुपातिक निर्वाचनमा आदिबासी जनजाती आन्दोलनकर्मिहरुको सङ्लग्नता कति ठीक कति बेठिक?

नेपाल आदिबासी जनजाती महासंघको अध्यक्ष र महासचिब एमाले र माओवादीले मनोनित गरे

साप्ताहिक झटारो-१२: नेपालमा प्राज्ञिक समुदायको भूमिका के हुनु पर्ला?